प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय

| प्रस्ताव माग गर्ने सार्वजनिक निकायको | |
|---|---|
| नामः | सामाजिक विकास मन्त्रालय |
| ठेगानाः | लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही |
| सम्पर्कः | Website: www.mosd.p5.gov.np<br>Email: mosdfive@gmail.com<br>Phone: 071-550038 |
| विषयः | सीप विकास तालिम संचालनका लागि प्रस्ताव सम्बन्धी कागजात (Request for Proposal-RFP) |

# प्राविधिक प्रस्ताव

२०७७ फागुन

| प्रस्ताव पेश गर्ने सेवा प्रदायक संस्थाको | |
|---|---|
| नामः | |
| ठेगानाः | |
| सम्पर्क नं. | |
| Email: | |
| सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं. | |
| तालिमको नामः | |
| तालिमको अवधिः | |
| तालिम संचालन स्थानः | |

## १. तालिम कार्यक्रमहरुको विवरण र लागत अनुमान

| क्र.सं. | तालिमको अवधि | भ्याट सहित प्रति व्यक्ति लागत | कैफियत |
|---|---|---|---|
| १ | ३९० घण्टा | २३,६५६।५५ | |

**पुनश्चः तालिमहरुको विवरण र संचालन स्थान अनुसूचि-१ मा रहेको छ।**

## २. तालिम संचालनका सर्तहरु

१. सामाजिक विकास मन्त्रालयले तोकिएको विधिका आधारमा तालिम सेवा प्रदायक संस्थाहरुको छनौट गर्नेछ।

२. तालिमको लागि एक समूहमा २० जना मात्र सहभागी हुनेछन्। तालिम संचालन हुने स्थानको स्थानीय तहले तालिमका सहभागीहरु उपलब्ध गराउने छ।

३. तालिम प्रदायक संस्थाले प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद (CTEVT) बाट सम्बन्धन प्राप्त गरेको तालिमको लागि मात्र प्रस्ताव पेश गर्नु पर्नेछ।

४. तालिम प्रदायक संस्थाले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको प्रत्येक पानामा आधिकारिक व्यक्तिको हस्ताक्षर र संस्थाको छाप लगाएको हुनुपर्नेछ।

५. तालिम प्रदायक संस्थाहरुले व्यावसायिक र उद्देश्यपूर्ण रुपमा तालिम संचालन गर्नुपर्नेछ।

६. तालिम प्रदायक संस्थाले आफुले संचालन गर्ने तालिमको नाम र स्थान प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव दुवैमा उल्लेख गरेको हुनु पर्दछ। तालिमको नाम र स्थान कहिकतै उल्लेख नगरेको प्रस्तावहरुलाई मूल्याङ्कनमा लगिने छैन।

७. तालिम प्रादयक संस्थाले मन्त्रालयले माथि उल्लेख गरेको तालिमको विवरण र लागत अनुमानको आधारमा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव पेश गर्नुपर्ने छ। दिइएको विवरण भन्दा बाहिरको तालिमको किसिममा प्राविधिक प्रस्ताव र लागत अनुमान भन्दा बढि प्रस्ताव भएको आर्थिक प्रस्तावलाई छनौट गर्न सकिने छैन।

८. तालिमका लागि प्रस्तावित प्रशिक्षकहरुको सम्झौता पश्चात काम गर्न नसक्ने गरी बिरामी भएको, दुर्घटनामा परेको वा मृत्यु भएको वा अन्य मनासिव कारणले त्यस्तो कार्य गर्न नसक्ने भएकोमा बाहेक अन्य अवस्थामा त्यस्तो व्यक्तिलाई परिवर्तन गर्न सक्ने छैन।

९. तालिम प्रदायक संस्थाले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावका बेग्लाबेग्लै सिलबन्दी खामलाई अर्को एउटा खाममा सिलबन्दी गरी प्रत्येक खामको बाहिर संस्थाको नाम, तालिमको नाम, प्रस्तावको नाम समेत लेखी पेश गर्नुपर्ने छ।

१०. तालिम प्रदायक संस्थाले काम शुरु र सम्पादन गरिसक्नु पर्ने समयः कार्य सम्झौता भएको मितिले १ हप्ता भित्र शुरु गरी २०७८ असार २० गते भित्र कार्य सम्पादनको प्रतिवेदन सहित भुक्तानीको लागि

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल नेपाल

कार्यालयमा विल पेश गरिसक्नु पर्ने छ। सो भन्दा ढिला प्राप्त भएको विलको भुक्तानी गर्न सकिने छैन।

११. प्रस्ताव पेश गर्ने समयः सूचना भएको मितिले ३० दिन वा २०७७।१२।२३ कार्यालय समय भित्र।

१२. प्रस्ताव सम्बन्धी कागजातमा कुनै शुल्क लाग्ने छैन।

१३. तालिम प्रदायक संस्थाले प्रस्ताव गरेको प्रशिक्षकहरुले हालसालैको वैयक्तिक विवरण सत्य तथ्य र पूर्ण रहेको कुरा प्रमाणित गरेको हुनुपर्ने छ। प्राविधिक प्रस्ताव तयार गर्दा, सेवा प्रदायक संस्थाले निम्न कुरामा विशेष ध्यान दिन आवश्यक छः

(क) तालिम प्रदायक संस्थाको छोटो परिचय अनुभव र मूल्याङ्कनमा मागिएका विवरणहरुको कागजात।

(ख) विधिको छोटो परिचय र कार्ययोजना।

१४. जनशक्तिको योग्यता तथा अनुभवहरुको प्रमाणित कागजात।

१५. प्राविधिक प्रस्तावमा कुनै पनि आर्थिक कुरा लेखिएको हुनुहुदैन।

१६. ३९० घण्टे तालिमको अनिवार्य रुपमा सीप परीक्षण गराउनु पर्नेछ।

१७. तालिम प्रदायक संस्थाले सम्बन्धित कामको लागि तोकिएको समय भित्र सक्ने गरी कार्ययोजना प्रस्ताव गर्नुपर्ने छ। सार्वजनिक विदाको दिन र अन्य दिनमा दैनिक ८ घण्टासम्म तालिम संचालन गर्ने गरी कार्ययोजना बनाउन बाधा पर्ने छैन।

१८. प्रस्तावको छनौट न्यून लागत विधि अपनाई गरिने छ। प्राविधिक प्रस्तावमा सफल/ उत्तीर्ण हुने प्रस्तादाताहरुमध्ये सबै भन्दा कम लागत भएको प्रस्तावदाताको प्रस्ताव छनौट गरिने छ।

१९. तालिम प्रदायक संस्थाको छनौट गर्न प्राविधिक प्रस्तावको अङ्क भार उल्लेख गर्दा देहाय बमोजिमको अङ्कको सीमा निर्धारण गरिएकोछः

(क) प्रस्तावदाताको खास कामको अनुभव कुल अङ्कको पन्ध्र प्रतिशत।

(ख) कार्यसम्पादन गर्ने तरिका र कार्य क्षेत्रगत शर्त प्रतिको प्रभावग्राहीता कुल अङ्कको पैंतीस प्रतिशत।

(ग) जनशक्तिको योग्यता र अनुभव कुल अङ्कको पचास प्रतिशत।

(घ) प्राविधिक प्रस्तावको जम्मा कुल अङ्क १०० र उत्तीर्णाङ्क ७० अंक हुनेछ।

२०. प्राविधिक प्रस्ताव तालिम प्रदाय संस्थाद्वारा प्रदान गरिएको जानकारीको आधारमा मूल्याङ्कन गरिनेछ। फर्जी विवरण पेश गरेको पाइएमा जुनसुकै बखत प्रस्ताव तथा सम्झौता रद्द गर्न सकिनेछ।

२१. आर्थिक प्रस्ताव पेश गर्दा प्रति सहभागी लाग्ने खर्चलाई ध्यानमा राखी तयार पार्नु पर्नेछ।

२२. तालिम प्रदायक संस्थाले भ्रष्ट वा जालसाजी क्रियाकलापमा संलग्न भएको छ भने सम्झौताको लागि योग्य हुनेछैन। मन्त्रालयले चाहेको समयमा सेवा प्रदायक संस्थाले आवश्यक सूचना उपलब्ध गराउनु पर्नेछ।

२३. तालिम प्रदायक संस्थाहरूले कुनै पनि कागजातहरूको बारेमा स्पष्ट हुन खोजेमा प्रस्ताव बुझाउन ५ दिन बाँकी रहदा सम्म सामाजिक विकास मन्त्रालयमा लिखित अनुरोध गर्न सक्नेछन्। स्पष्टीकरणको लागि ईमेल, फ्याक्स, वा अन्य माध्यमबाट तालिम प्रदायकको ठेगानामा जानकारी पठाइने छ।

२४. वित्तीय प्रस्तावहरु सार्वजनिक रुपमा तालिम प्रदायकहरुको प्रतिनिधिहरुको उपस्थितिमा मिति २०७७।१२।२६ गते बिहान ११ बजे सामाजिक विकास मन्त्रालय बुटवलमा खोलिनेछ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

२५. सेवा प्रदायक संस्थाले तालिम सम्पन्न पश्चात तालिममा सहभागीको नाम ठेगाना, संख्या, प्रशिक्षक, तालिम संचालन स्थान, तालिमको उपलब्धी एवं प्रभाकारीता समेत खुलाई प्रत्येक तालिमको लागि संक्षिप्त प्रतिवेदन बुझाउने पर्नेछ।

२६. तालिम प्रदायक संस्थाहरु सम्झौता, कागजात र सरकारको सार्वजनिक खरीद ऐन र नियमहरुको आवश्यकता अनुसार आफ्नो दायित्वहरुको लागि उत्तरदायी हुनेछ।

२७. तालिम प्रदायकले खरीद प्रक्रिया वा खरीद सम्झौताको कार्यान्वयनमा प्रभाव पार्ने अभिप्रायले निम्न कार्यहरू गर्न वा गराउँनु हुदैनः

(क) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुचित प्रलोभन दिने वा प्रस्ताव गर्ने,

(ख) विकृत वा तथ्यको गलत बयान,

(ग) संलग्न वा भ्रष्ट वा धोखाधडी अभ्यासमा सामिल भइरहेको,

(घ) अन्य सम्भावित प्रस्तावदाताहरुको सहभागितामा हस्तक्षेप आदि।

२८. तालिम संचालनको लागि छनौट भएको संस्थाले संचालन गर्ने तालिमहरुको (संचालन गर्ने तालिम संख्याहरुको एक मुस्ट वा प्रति तालिम छुट्टा छुट्टै) बोलकबोल अंगको ५ प्रतिशत नगद वा कम्तिमा १५० दिन अवधिको बैक ग्यारेण्टी कार्य सम्पादन जमानत वापत पेश गरी सम्झौता गर्नुपर्ने छ। कार्य सम्पादन जमानत पेश गर्न नसक्ने संस्थासँग सम्झौता गरिने छैन र सो पछिका वैकल्पिक छनौटमा परेका संस्थासँग कार्य जमानता लिई सम्झौता गरिने छ।

२९. पेश्की भुक्तानीको लागि सार्वजनिक खरिद ऐन तथा निमयमानुसार (३९० घण्टा तालिम अवधिको लागि मात्र) कम्तिमा १२० दिन अवधिको छुट्टै बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ। बैंक ग्यारेण्टीको आधारमा बोलकबोल अंकको बढीमा बीस प्रतिशत रकमसम्म पेश्की उपलब्ध गराउन सकिने छ। पेश्की फछ्यौंट सम्बन्धी व्यवस्था नियमानुसार हुनेछ।

३०. तालिम संचालन गर्ने संस्थाले प्रति सहभागी प्रति दिन रु.५०।०० का दरले नास्ता खुवाउनु पर्नेछ। नास्ता वापतको रकम लागत अनुमानमा समावेश गरिएकोछ।

३१. तालिम संचालन गर्ने संस्थाले तालिम समाप्त भएपछि तालिमाका सहभागीहरुको सीप परीक्षण गराई प्रमाणपत्र दिनुपर्नेछ।

३२. मन्त्रालयले सेवा प्रदायक संस्थालाई आवश्यक परेमा सल्लाह तथा सुझावहरु दिन सक्नेछ।

*यसरी सम्झौताको विपरित वा तोकिएका शर्तहरु पुरा नगर्ने परामर्शदातालाई लागि कालोसूचीमा राख्न सकिनेछ।*

उप-सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल नेपाल

# ३. आवश्यक विवरण तथा मूल्याङ्कनको विधि र आधारहरु

३.१ (i) आवश्यक जनशक्ति विवरण यस प्रकार छन्  मुख्य प्रशिक्षक सहायक प्रशिक्षक र प्रशिक्षक सहायक गरी ३ जना प्रशिक्षकहरु

| पद | संख्या | न्युनतम  योग्यता |
|---|---|---|
| प्रशिक्षक | १ | सम्बन्धित विषयमा स्नातक गरी शिक्षण प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र। डिप्लोमा तह उत्तीर्ण गरी तालिम लिएको र ५ बर्षको अनुभव. भएको वा सम्बन्धित विषयमा सीप तह ३ उत्तीर्ण गरी ५ बर्षको कार्यानुभव भएको। |
| सहायक प्रशिक्षक | १ | सम्बन्धित विषयमा प्रमाणपत्र। डिप्लोमा तह उत्तीर्ण गरी  शिक्षण प्रशिक्षणको तालिम लिएको वा सीप तह ३ उत्तीर्ण भएको वा प्राविधिक एसएलसी। सीप तह २ उत्तीर्ण गरी ३ वर्षको  कार्यानुभव भएको। |
| प्रशिक्षक सहायक | १ | सम्बन्धित विषयमा प्राविधिक एसएलसी उत्तीर्ण वा सीप तह २ उत्तीर्ण गरी शिक्षण प्रशिक्षणको तालिम लिएको |

३.२ परामर्शदाताले प्राविधिक र आर्थिक प्रस्तावका बेग्लाबेग्लै सिलबन्दी खामहरु पेश गर्नुपर्ने।

३.३ कागजात पेश गर्ने कार्यालय:
**सामाजिक विकास मन्त्रालय**
मिलनचोक बुटवल
टेलिफोन .: ०७१५५००३८

बाहिरी खाममा दिनुपर्ने विवरण::
तालिम प्रदायक संस्थाको नाम:
तालिमको विषय:
तालिम संचालन स्थान:

३.४ **प्राविधिक प्रस्ताव मूल्यांकन फाराम**

१.संस्थाको अनुभव: १५  अंक

| क्रस. | आधारहरु | पूर्णाङ्क | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | तालिम प्रदायक संस्थाहरुको कामसँग सम्बन्धित विशिष्ट अनुभव (विगत ३ बर्षमा) | | | |
| i) | सम्बन्धित क्षेत्रसँग सम्बन्धित तालिम संचालन गरेको अनुभव वापत (प्रति वर्ष प्रति तालिम संख्याको लागि १ अङ्कका दरले ५  अंक × ३ वर्ष ) | १५ | - | |

२. कार्यसंपादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्त प्रतिको प्रभावकारिता  ३५ अङ्क

**प्रस्तावहरुको मूल्याङ्कन**

| | सूचकहरु | स्केल | | | | | प्रासाङ्क |
|---|---|---|---|---|---|---|---|
| | | नभए को | कमजो र | ठीकै | राम्रो | उत्तम | |
| १ | कार्य सम्पादन गर्ने तरिका एवं विधि | ३ | ६ | ९ | १२ | १५ | |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | तालिम संचालन डिजाइन, विधिहरू, उपकरण र डाटा विश्लेषण (दोष रहित, उन्नत, राम्रोसँग उपयुक्त र कुशल) | २ | ४ | ६ | ८ | १० | |
| ३ | कार्य योजना | २ | ४ | ६ | ८ | १० | |

३. जनशक्ति विवरण: ५० अंक

| क्रसं | आधारहरु | पूर्णाङ्क | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १) | प्रशिक्षकहरुको आवश्यक न्युनतम योग्यता मात्र भएको (३x१०) | ३० | - | |
| २) | प्रशिक्षकको १ देखि ५ वर्षको अनुभव वापत प्रत्येक वर्षका लागि २ अंकका दरले (२x५) | १० | - | |
| ३) | सहायक प्रशिक्षकको १ देखि ५ वर्षको अनुभव वापत प्रत्येक वर्षका लागि १ अंकका दरले (१x५) | ५ | - | |
| ४) | प्रशिक्षक सहायकको १ देखि ५ वर्षको अनुभव वापत प्रत्येक वर्षका लागि १ अंकका दरले (१x५) | ५ | | |

जम्मा अङ्क: १००

न्यूनतम प्राविधिक स्कोर पास गर्न आवश्यक: ७०%

३.५ कार्य सुरु हुने अपेक्षा गरिएको छ: कार्य आदेश जारी भएको मितिबाट।

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय

## ४. संस्थाले माथि उल्लेखित विवरणहरु प्रमाण समेत संलग्न गरी भर्ने फाराम

### (क) संस्थाको अनुभव: १५ अंक

| सम्बन्धित क्षेत्रसँग सम्बन्धित तालिम संचालन गरेको अनुभवको विवरण | तालिम संख्या | आर्थिक वर्ष | प्रमाणित कागजात |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

### (ख) कार्यसंपादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्त प्रतिको प्रभावकारिता: ३५ अंक

| विवरण | |
|---|---|
| कार्य सम्पादन गर्ने तरिका एवं विधि | |
| तालिम संचालन डिजाइन, विधिहरू, उपकरण र डाटा विश्लेषण (दोष रहित, उन्नत, राम्रोसँग उपयुक्त र कुशल) | |
| कार्य योजना | |

### (ग) जनशक्ति विवरण: ५० अंक

| क्र.सं. | पद | नाम | योग्यता | अनुभव (वर्षमा) | संलग्न प्रमाणित कागजात |
|---|---|---|---|---|---|
| १ | प्रशिक्षक | | | | |
| २ | सहायक प्रशिक्षक | | | | |
| ३ | प्रशिक्षक सहायक | | | | |

जम्मा: १०० अंक

उप सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

## ५.आर्थिक प्रस्ताव पेश गर्ने पत्र

संस्थाको लेटर हेड

[स्थान, मिति]

विषयः आर्थिक प्रस्ताव पेश गरेको।

श्री सामाजिक विकास मन्त्रालय,
लुम्विनी प्रदेश, बुटवल
महाशय

त्यस मन्त्रालयबाट यस संस्थालाई मिति २०७७।११।२३ मा प्रस्तावको लागि अनुरोध भै आएकोमा ........................ विषयको तालिम संचालनको लागि तपसिल अनुसारको विवरण अनुसार VAT सहित जम्मा रु........................प्रस्ताव पेश गरिएको छ। यसै साथ संलग्न प्रस्ताव स्वीकृत हुनेमा हामी आशावादी छौं।

तपसिल

| तालिमको नाम | तालिममा सहभागी संख्या (a) | प्रति व्यक्ति VAT सहितको लागत (b) | जम्मा प्रस्तावित रकम VAT सहित (a*b) | संचालन स्थान |
|---|---|---|---|---|
| | २० | | | |

भवदीय,

हस्ताक्षरः

आधिकारिक व्यक्तिको नाम र पदः

संस्थाको नाम र छापः

संस्थाको ठेगानाः

उप सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

# ६. प्रस्ताव पेश गर्ने तरिका

## १. *प्रस्ताव पेश गर्ने पत्र*

संस्थाको लेटर हेड

मितिः २०७७। ।

विषयः प्राविधिक प्रस्ताव पेश गरको।

श्री सामाजिक विकास मन्त्रालय
लम्बिनी प्रदेश, बुटवल,रुपन्देही।

प्रस्तुत विषयमा त्यस मन्त्रालयको च.न. मिति २०७७।११।२३ को पत्रानुसार .............................. विषयमा ........................स्थानमा तालिम संचालनको लागि यो प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव पेश गरिएको छ। बाहिरी खाम भित्र २ वटा खामहरु रहेकाछन्। एउटा खाममा प्राविधिक प्रस्ताव लेखिएको र त्यस भित्र माग भए अनुसारको प्राविधिक प्रस्ताव रहेको छ भने अर्को खाम भित्र तोकिए बमोजिमको आर्थिक प्रस्ताव राखिएको छ। भित्रका दुबै खामहरु राम्रोसँग सिलबन्दी गरिएकाछन्। यसमा लेखिएको आधारमा प्रस्ताव स्वीकार गर्न सामाजिक विकास मन्त्रालय बाध्य हुदैन भन्ने बारेमा हामीलाई जानकारी रहेको छ।

भवदीय,

आधिकारिक हस्ताक्षरः

हस्ताक्षरकर्ताको नाम र पदः

सेवा प्रदायक संस्थाको नाम र ठेगानाः

उप सचिव